छत्रकोट गाउँपालिका

Chhatrakot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

चोयगा, गुल्मी

Choyaga, Gulmi

प.सं./Ref. No.: ०८१/८२ (081/82)

सूचना नं./Notice No.: ४१

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

छत्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चोयगा, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

### छत्रकोट जिपलाईन संचालन सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना ।

(दोस्रो पटक सूचना प्रकाशित मिति:-२०८१।१०।११)

छत्रकोट गाउँपालिकाको जिपलाईन संचालन सम्बन्धी कार्यविधि, २०८१ मा भएको व्यवस्था अनुसार छत्रकोट गाउँपालिकामा निर्माण सम्पन्न भएको छत्रकोट जिपलाईन आ.व. ०८१/०८२ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र योग्यता पुगेका फर्म/कम्पनी/संस्थाहरुले शिलबन्दी दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

आन्तरिक आय ठेक्का विवरण

| आय ठेक्का नं. | आयको विवरण | आ.व. ०८१/०८२ का लागि कायम न्यूनतम अंक ( अग्रीम आय कर र मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर | धरौटी जमानत रकम |
|---|---|---|---|---|
| CRM/Gul/M/SQ-08/081-082 | छत्रकोट जिपलाईन संचालन | रु. २,००,०००।००- | रु.१०००।- | कबोल अंकको कम्तीमा ५ प्रतिशतले हुने रकम |

ठेक्का सम्बन्धी शर्तहरु

१.दरभाउपत्र पेश गर्दा पेश गर्ने व्यवसाय, फर्म वा कम्पनी वा संस्थाको दर्ता, नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपर्नेछ।

२.कबोल अंकमा थप मूल्य अभिवृद्धी कर १३ प्रतिशत राजश्व लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालय र १.५ प्रतिशत अग्रिम आय कर कोष तथा लेखा नियन्त्रक कार्यालयको राजश्व शाखामा बुझाई सोको प्रमाण यस कार्यालयमा बुझाउनुपर्नेछ। वा यस कार्यालयमा अग्रीम एकमुष्ट समेत बुझाउन सक्नेछ।

३.धरौटी वापतको रकम यस कार्यालयको प्रभु बैंक छत्रकोट खातामा रहेको धरौटी खाता नं. २७३७०८७९२६०००४८ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको नेपाल राष्ट्र बैंकवाट 'क' वर्गको मान्यता प्राप्त बैंकहरुवाट जारी भएको जमानत विड वण्डको सक्कल प्रति दरभाउपत्र साथ संलग्न राखी पेश गर्नुपर्नेछ।

४.रित नपुगी आएका दरभाउपत्र उपर कुनै कार्वाही हुनेछैन ।

५.उपर्युक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयभित्र दरभाउपत्र खरिद गरी ८ औं दिनको १२ वजेभित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र बुझाउनुपर्नेछ । प्राप्त दरभाउपत्रहरु सोही दिनको २

१०।११

रुद्रहरि पुडासैनी प्रमुख प्रशासकीय अधिकृत



CamScanner

छत्रकोट गाउँपालिका

Chhatrakot Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय

## Office of the Rural Municipal Executive

चोयगा, गुल्मी

Choyaga, Gulmi

प.सं./Ref. No.: ०८१/८२ (081/82)

सूचना नं./Notice No.: २३

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

बजे गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ। साथै दरभाउपत्र खरिद गर्ने तथा बुझाउने दिन सार्वजनिक बिदा परेको खण्डमा बिदाको अर्कोदिनलाई अन्तिम दिन मानिनेछ।

६.जमानत वापत दरभाउपत्र आफुले भरेको अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७.कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाह सम्बन्धी माग कार्यालयले स्वीकार्ने छैन ।

८.प्रचलित ऐन, नियम र कानून,कार्यविधि बमोजिम र सूचनाको शर्त विपरीत काम गरेमा जुनसुकै अवस्थामा कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई कुनै हानी-नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९.यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र दाता वा निजको प्रतिनिधिको रोहबरमा खोलिनेछ तर दरभाउपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभएमा कार्यालयको प्रतिनिधिको रोहबरमा खोल्न सकिनेछ ।

१०.दरभाउपत्र फाराम रु. १०००/- राजश्व रकम तिरी छत्रकोट गाउँ कार्यपालिकाको कार्यालय, चोयगाबाट खरिद गरी पेश गर्न सकिनेछ ।

११.दरभाउपत्र स्वीकृत भएपछि ठेक्का सम्झौता पूर्व प्रथम किस्ता वापत कबोल अंकको ५० प्रतिशत रकम दाखिला गर्नुपर्नेछ।बाँकी रकमको ५० प्रतिशत चैत्र मसान्त भित्र र बाँकी सम्पूर्ण रकम जेष्ठ मसान्त भित्र भुक्तानी गर्नुपर्नेछ।एकमुष्ट बुझाउन नसकेको रकम बराबर नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको मान्यता प्राप्त बैंकहरुबाट जारी भएको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।

१२.उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुनेछ र उल्लेख नभएका विषयमा प्रचलित ऐन, कानून तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ । ठेक्कामा कुनै विवाद भएमा छत्रकोट गाउँकार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

१३.अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको फोन नं. ९८५७०६७९०८ तथा ईमेल- info@chhatrakotmun.gov.np, chhatrakot90@gmail.com मा सम्पर्क गर्न सक्नुहुनेछ ।

रुद्रहरि पुरी

प्रमुख प्रशासकीय अधिकृत

रुद्रहरि पुरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner